# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सदुरपश्चिम प्रदेश, नेपाल

---

# मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

---

**भाग २ , खण्ड १० , संख्या ३**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०२/२९**

**प्रकाशन मिति: २०८३ असार २५ गते बिहिबार**

---

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

## मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०८३

**प्रस्तावना** सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरुलाई नियन्त्रण गर्नको लागि मदिराको उत्पादन, बिक्री वितरण र निकासी पैठारी समेतमा नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) खण्ड (ख) (१३)र दफा १०२ बमोजिम पाटन नगरपालिकाको नगर कार्यपालिका यो कार्यविधि बनाइ लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधि को नाम **"मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०८३"** रहेको छ ।

(२) यो कार्यविधि पाटन नगरपालिका भित्र लागु हुनेछ ।

(३) यो कार्यविधि नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधि अन्तर्गत**

**(क) "मदिरा"** भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

**(ख) "उत्पादन"** भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने,पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

**(ग) "अनुमतिपत्र"** भन्नाले प्रचलीत कानून बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

**(घ) "तोकिएको" वा "तोकिए** बमोजिम भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**ङ) "नगरपालिका"** भन्नाले पाटन नगरपालिकालाई सम्झनु पर्छ ।

**(च) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पाटन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

**(छ) "सार्वजनिक स्थान"** भन्नाले धारा, चौतारा, कुवा, पोखरी, शैक्षिक संस्था, कलकारखाना, सवारी साधन, सभा सम्मेलन, मठ मन्दिर, रंगशाला,सरकारी तथा गैर सरकारी कार्यालयहरु, शवदाह स्थल, सार्बजनिक सौचालय, बनजंगल सम्झनु पर्छ ।

**३. मदिराको उत्पादनमा नियन्त्रण** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमत्तिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक नगरपालिकाभित्र मदिराको उत्पादन गर्न पाउने छैन ।

**४. मदिराको बिक्री वितरणमा नियन्त्रण**

१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक नगरपालिका भित्र मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल स्थापना गर्न पाउने छैन ।

२. प्रचलित कानून बमोजिम अनुमतिपत्र लिएको भएतापनि सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरुलाई नियन्त्रण गर्न नगरपालिकाले मदिरा प्रयोगलाई व्यवस्थित र प्रभावकारी वनाउन नगरपालिका भित्र निश्चित समय तोकी मदिरा विक्री वितरण गर्न दिनेछ ।

**५ मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज** (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन ।

४) नगरपालिका भित्र मदिरा विक्रि वितरण गर्दा नगरपालिकाले निषेध गरेको स्थानमा विक्रि वितरण गर्न पाइने छैन ।

(५) कसैले पनि पच्चीस वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण ओसारपसार गर्न गराउन पाइने छैन ।

(६) पच्चीस वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिरा बिक्री वितरण गर्न पाइने छैन ।

(७) पाटन नगरपालिकाको १० वटै वडाको भौगोलिक क्षेत्र भित्र रहेका सार्वजनीक स्थलको नजिक पर्ने गरि मदिरा उत्पादन, संकलन, भण्डारण तथा विक्री वितरण गर्न पाइने छैन ।

**६ मदिराको निकासी पैठारीमा नियन्त्रण**- कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक नगरपालिका भित्र मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

**९ शर्तहरु पालना गर्नु पर्ने** (१) नगरपालिका भित्र अनुमतिपत्र लिई मदिराको विक्रि वितरण गरि रहेका व्यक्तिहरुले देहायका शर्तहरु पालना गर्नु पर्नेछ

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

क. अनुमतिपत्र प्रत्येक आर्थिक वर्षको असार महिना भित्र नवीकरण गराइ सकेको हुनु पर्नेछ ।

ख. अनुमतिपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

ग. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

घ. नगरपालिकाले मदिरा उपभोग गर्न निषेध गरेको स्थान वाहेकका स्थानमा सांझ ५.०० बजेदेखि राती १०.०० बजे सम्म मदिरा बिक्री वितरण तथा सेवन गराउनु पर्नेछ ।

. मदिरा खरीद कर्ताहरुको अनिवार्य रुपमा तीन पुस्ते व्यक्तिगत विवरण भरी पसलमा रेकर्ड राख्नु पर्नेछ । (व्यक्तिगत विवरणको ढांचा अनुसूची १ मा उल्लेखछ)

च. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ ।

छ. अनुमतिपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क स्टिकर/टिकट टांसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ ।

ज अन्तःशुल्क ऐन, २०५८ तथा यस पाटन नगरपालिकाको मदिरा नियन्त्रण कार्यविधि २०८३ र सो अन्तर्गत बनेका मापदण्डमा उल्लेखित प्रावधानहरूको पालना गर्नु पर्नेछ ।

झ. व्यवसायमा गरेको लगानी, भौगोलिक अवस्थिति आदिका आधारमा मदिरा व्यवसायको वर्गिकरण नगरपालिकाले गर्न सक्नेछ ।

ञ. कुनै पनि प्रकारको मदिरा जन्य पदार्थको प्रचार सामग्री राख्न पाइने छैन ।

ट. मदिरा पसलवाट उत्पादित सिसाजन्य तथा अन्य फोहरहरुको उचित व्यवस्थापन स्वयं मदिरा व्यवसायीले गर्नु पर्नेछ ।

ठ) अवैध मदिरा बाफत तोकेको दण्ड जरिवाना शुल्क बाफतको रकम २० प्रतिशत मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति र बाकी रकम नगरपालिकाको राजस्व खातामा जम्मा गर्नु पर्ने छ । साथै अनुमती नलिई मदिराको विक्री वितरण भईरहेको जानकारी दिने व्यक्तिलाइ पुरुष्कारको व्यवस्था गरिने छ ।

ड) मदिराको व्यवस्थापन गर्न वडास्तरमा मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिने छ ।

२.मदिरा उपभोक्ताहरुले देहायका शर्तहरु पालना गर्नु पर्नेछ

(क) मदिरा उपभोग गर्ने व्यक्ति २० वर्ष पुरा गरेको हुनु पर्नेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

(ख) सांझ ०५.०० वजे देखी साझ १०.०० वजे सम्म नगरपालिकाले तोकेको स्थान र परिमाणमा मात्र मदिरा उपभोग गर्नुपर्नेछ ।

(ग) मदिरा उपभोगकर्ताले मदिरा खरीद तथा पैठारी गर्दा अनिवार्य रुपमा व्यक्तिगत विवरण पेश गर्नु पर्नेछ ।

घ) मदिरा उपभोग कर्ताले मदिरा खरीद गर्ने पसलमा आफ्नो तीन पुस्ते विवरण अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

(ङ) मदिरा उपभोग गरी सार्वजनीक स्थानमा होहल्ला तथा शान्ति सुरक्षामा वाधा अवरोध गर्न र अमर्यादित तरिकाले घुमफिर गर्न पाइने छैन ।

(च) मदिरा सेवन गरी परिवारका सदस्यहरु तथा अन्य व्यक्तिलाई दुःख दिने, अर्काको भावनामा चोट पुर्याउने काम गर्नु हुंदैन ।

(छ) मदिरा उपभोग कर्ताले आफूले उपभोग गरेको सिसाको वोतलहरु जथाभावी फ्याक्न पाइने छैन ।

**८. अनुमतिपत्रको प्राप्ती, अवधि र नवीकरण** अनुमतिपत्रको प्राप्ती, अवधि र नवीकरण सम्बन्धी व्यवस्था प्रचलीत कानूनमा तोकिए बमोजिम हुनेछ । अनुमतिपत्रको प्राप्ती र नविकरण गर्दा नगरपालिकाको सिफारिस अनिवार्य रुपमा लिनुपर्नेछ ।

**९. अनुमतिपत्र रद्द गर्न सिफारिस गर्न सक्ने** प्रचलित कानूनमा तोकिएको अधिकारी वा निकाय समक्ष प्रचलित कानून बमोजिम दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सिफारिस गरी नगरपालिकाले मदिरा विक्रि वितरण गर्न बन्देज लगाउन सक्नेछ ।

(क) अनुमतिपत्र नवीकरण नगरी व्यवसाय गरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा,

(ग) दफा ५ र ७ विपरीत काम गरेमा ।

**१०. नगरपालिकालाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असूल गर्ने** यो कार्यविधि बमोजिम कुनै व्यक्तिले नगरपालिकालाई बुझाउनु पर्ने रकम नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट प्रमुख प्रशाकीय अधिकृतले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**११. खानतलासी, कव्जा र पक्राउ गर्न सक्ने** १) नगरपालिकाको कुनै पनि स्थानमा यो कार्यविधि बमोजिम सजाय हुने कसुर भएकोछ भन्ने मनासिव माफिको कारण भएमा नगरपालिकावाट खटि जाने अधिकृतले त्यस्तो स्थानको खान तलासी गर्न सक्नेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

२) उपदफा (१) बमोजिम खानतलासी गर्दा नगरपालिकावाट खटि जाने अधिकृत, जनप्रतिनिधि, प्रहरी ले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थान प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस कार्यविधि बमोजिम सजाय हुने कसुर भएको विश्‍वसनीय कारण देखिएमा त्यस्तो कसूरसंग सम्वन्धित वस्तु तथा सामानहरु कव्जामा लिन सकिनेछ ।

४) कुनै व्यक्तिले यस कार्यविधि बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको पाइएमा र निजलाई पक्राउ नगरेमा निज भागि उम्की जाने सम्भावना छ भन्ने लागेमा नगरपालिकावाट खटि जाने अधिकृत,जनप्रतिनिधि वा प्रहरीले निजलाई पक्राउ गर्न सक्नेछ ।

५) यस दफा बमोजिम खानतलासी, कव्जा वा पक्राउ गर्दा नगरपालिकावाट खटि जाने अधिकृत जनप्रतिनिधि वा प्रहरीलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।

६) नगरपालिकावाट खटि जाने अधिकृत, जनप्रतिनिधि वा प्रहरीवाट खानतलासी, कव्जा वा पक्राउ गर्दा स्थानीय प्रतिनिधिहरुको रोहवरमा गर्नु पर्नेछ ।

**१२. पक्राउ र कव्जाको प्रतिवेदन दिनु पर्नेः** कसैलाई पक्राउ गरेको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेको अवस्थामा नगरपालिकावाट खटिएको अधिकृत, जनप्रतिनिधि वा प्रहरीले सो कुराको प्रतिवेदन चौविस घण्टा भित्र आफुभन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**१३. दण्ड सजाय** (१) यस कार्यविधि विपरीत काम गर्ने व्यक्तिलाई वढी दश हजार देखी २५ हजार रुपैयाँ सम्म जरिवानाको सजाय हुनेछ ।

(२) यस कार्यविधि विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने मतियारलाई पाचँ हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

(३) कुनै व्यक्तिले यस कार्यविधिको दफा ५, ६ र ७ उपदफा (१) बमोजिम कसुर गर्ने गराउनेलाई पहिलो पटक रु १० हजार दोस्रो पटक रु. १५ हजार तेस्रो पटक रु. २० हजार सो भन्दा बढी दोहरयाएमा रु. २५ हजार सम्म जरिवाना हुनेछ ।

(४) कुनै व्यक्तिले यस कार्यविधिको दफा ७ को उपदफा (२) बमोजिम कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

(क) कसुर गर्ने व्यक्तिलाइ पहिलोपटक रु. ३ हजार, दोस्रो पटक रु ५ हजार, तेस्रो पटक भएमा रु ८ हजार र सो भन्दा बढि पटक दोह्रयाएमा रु. १२ हजारसम्म जरिवाना ।

(ख) सार्वजनिक पदधारण गरेको व्यक्ति भएमा पहिलोपटक रु. ५ हजार, दोस्रो पटक रु ८ हजार, तेस्रो पटक भएमा रु १२ हजार र सो भन्दा बढि पटक दोह¥याएमारु. १७ हजारसम्म जरिवाना ।

(ग) मदिरा सेवन गरी सार्वजनीक स्थलमा प्रवेश गरेमा पहिलोपटक रु. ५ हजार, दोस्रो पटक रु १० हजार, तेस्रो पटक भएमा रु १५ हजार र सो भन्दा बढि पटक दोह¥याएमा रु. २० हजारसम्म जरिवाना ।

घ. अनुमति बिना मदिराको बिक्रि बितरण गरेमा अबस्था हेरी रु २५००० देखि रु १००००० सम्म जरीवाना हुने छ .

(५) कुनै व्यक्ति माथि उल्लेखित जरिवाना वापतको रकम तिर्न सक्ने हैसियत नभएमा नगरपालिका वा नगरपालिकाले तोकेको निकायले जरिवाना वापतको रकम वरावर जिल्लामा प्रचलित दररेट बमोजिम श्रम गराउन सक्ने छ ।

(६) पटक पटक मदिरा सेवन गर्ने व्यक्तिलाई नेपाल प्रहरी वा नगर प्रहरीले निजको व्यवहार परिवर्तनको लागि तारेखमा बोलाउन सक्नेछ ।

**१४. मदिरा तथा अन्य सामानको जफत र बिक्री** (१) कुनै व्यक्तिले यस कार्यविधि र प्रचलित कानून विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा नगरपालिकाले जफत गर्नेछ ।

(२) दफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकिए बमोजिम प्रमुख प्रशाकीय अधिकृतले लिलाम बिक्री तथा नष्ट गर्न सकिने छ ।

(३) यस कार्यविधि र प्रचलित कानून विपरीत मदिराको कारोबार गर्ने प्रयोग गरिएका सबै सामानहरु नगरपालिकाले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ । तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन ।

**१५.पुरस्कार** (१) कसैले यस कार्यविधि विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेको वा गरेको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ

(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत ।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नगरपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहर्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

(४) स्थानीय स्तरमा उत्पादित मदिरा जफत भएमा जफत भएको परिमाणको आधारमा प्रचलीत स्थानीय चलन चल्ती अनुसार प्रति वोतलको आधारमा मुल्य निर्धारण गरी सो वरावर दश प्रतिशतले हुन आउने रकम पुरस्कार स्वरुप नगरपालिकाले आन्तरीक कोषवाट सुराकी दिने व्यक्तिलाई उपलव्ध गराउनेछ ।

(५) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

(६) सुराक दिने व्यक्तिले आफ्नो नाम र ठेगाना गोप्य राख्न चाहेमा गोपनियता कायम गरिनेछ ।

(७) सुराकी दिने व्यक्तिले गलत नियतले अर्कोलाई दुःख दिने हैरानी गर्ने वा बेइज्जती गर्ने किसिमले सुचना दिने गर्नु गराउनु हुंदैन ।

**१६. सहयोग गर्नुपर्ने** यस कार्यविधि र प्रचलित कानून अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा न्यायिक समितिले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ । कानून कार्यान्वयनको लागि नगरपालिकाले मागेको सहयोग उपलव्ध गराउनु स्थानीय प्रशासन, सरोकारवाला तथा अन्य निकायको कर्तव्य हुनेछ ।

**१७) वडास्तरिय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति**

क) सम्बन्धित वडा कार्यालयको वडा अध्यक्षः संयोजक

ख) सम्बन्धित वडा अन्तर्गतका राजनितिक दलका प्रतिनिधि  सदस्य

ग) सम्बन्धित वडा अन्तर्गतका स्वास्थ्य संस्थाका प्रतिनिधि मध्ये १ जना सदस्य

घ) सम्बन्धित वडा अनतर्गतका उच्च बिद्यालयका प्रतिनिधि मध्ये १ जना  सदस्य

ङ) सम्बन्धित वडाअन्तर्गतका महिला संजालका प्रतिनिधि मध्ये १ जना सदस्य

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

च) वडास्तरिय बालक्लवका प्रतिनिधि मध्ये १ जना सदस्य

छ) सुरक्षा निकायका प्रतिनिधि १ जना सदस्य

जं सम्बन्धीत वडा कार्यालयका वडा सचिव सदस्य सचिव

**१८. मुद्दा हेर्ने अधिकारी** यस कार्यविधि बमोजिम मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

**१९. पुनरावेदन** यस कार्यविधि बमोजिम स्थानीय न्यायिक समितिले गरेको निर्णय उपर जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ ।

**२०. वाधा अडकाउ हटाउने अधिकारः** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा नगरपालिकाले त्यस्तो वाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह हुनेछ ।

**२१. बचाउ** १) यो कार्यविधि लागु हुनु भन्दा अघि मदिरा व्यवस्थापन तथा नियन्त्रण सम्वन्धमा यस नगरपालिकावाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए सरह मानिनेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नगर प्रमुख

अनुसूची १

दफा ७ को उपदफा १ खण्ड (च) सँग सम्बन्धित

पाटन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सुदूर पश्चिम प्रदेश, नेपाल

मदिरा उपभोगकर्ताको व्यक्तिगत विवरण

१) नामथरः

२) ठेगानाः प्रदेश................. जिल्ला................... स्थानीयतह

३) जन्ममितिः

४) नागरिकता नम्बरः

५) लिंग

६) बाबुको नामथरः

७) बाजेको नामथरः

८) व्यक्तिगत विवरण देखिने दस्तखत

९) व्यक्तिगत विवरण                                        प्रमाणित गर्ने

नामथर

हस्ताक्षर

पद

मिति

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख